मिति: २०८२/०९/२२ | ने.सं. ११४६ पोहेलागा ३ मंगलबार | बैठक संख्या - ७

आज मिति २०८२/०९/२२ गते मंगलबारका दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०८२/०८३ को सातौं गाउँ कार्यपालिका बैठकद्वारा तल उल्लेखित प्रस्तावहरू माथि छलफल गरी देहायनुसारका निर्णयहरू पारित गरियो ।

हिलिहाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पञ्चमी, पाँचथर कोशी प्रदेश, नेपाल

<u>उपस्थिति :</u>

१. अध्यक्ष : श्री समर बहादुर अधिकारी ........................

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई ........................

३. का.वा वडा अध्यक्ष : श्री खड्ग बहादुर राई........................

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ........................

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ ........................

६. वडा अध्यक्ष : श्री धनपति गिरी ........................

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ ........................

८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ ........................

९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु ........................

१०. कार्यपालिका सदस्य श्री सुष्मा लावती ........................

११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई ........................

१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मंग्राती ........................

१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई........................

१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया ........................

१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा........................

१६. **सदस्य सचिव** श्री टोपेन्द्र कुमार लिम्बु ........................

१७. लेखा अधिकृत श्री इश्वरी प्रसाद पाण्डे ........................

१८. कार्यालय सहयोगी श्री विवेका योङहाङ........................

१९. कार्यालय सहयोगी श्री दिपेन्द्र योक्पाङदेन........................

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०८२/०९/२२ | ने.सं. ११४६ पोहेलागा ३ मंगलबार | बैठक संख्या - ७

**प्रस्तावहरु :-**

१. हालसम्म प्राप्त विभिन्न परिपत्र, निर्देशन, आदेश तथा मागपत्रहरुको जानकारी सम्बन्धमा ।
२. अघिल्लो कार्यपालिको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा ।
३. विशेष अनुदान अन्तरगतको कार्यक्रम सञ्चालन सम्बन्धमा ।
४. एकिकृत बस्ति विकासको लागि स्थान छनौट सम्बन्धमा ।
५. जग्गा कित्ताकाट प्रारम्भिक प्रतिवेदन उपर छलफल सम्बन्धमा ।
६. कृषि शाखा आह्वान गरिएका विभिन्न प्रस्तावहरुको छनौट सम्बन्धमा ।
७. विरदलगण जोरपोखरीको भवन मर्मत सम्बन्धमा ।
८. जोरपोखरी प्रहरी चौकी मर्मत सम्बन्धमा ।
९. हिलिहाङ-६ पाकशाला निर्माण सम्बन्धमा ।
१०. ४ नं वडाबाट सञ्चालन हुन गइरहेको खेलकुद कार्यक्रमको अपुग रकम विनियोजन सम्बन्धमा ।
११. निर्मित गुरुयोजनाको आधारमा स्थानीय तहको साझेदारीमा विद्यालय भौतिक निर्माण अनुदान सम्बन्धमा ।
१२. असक्त, विपद तथा अन्य आर्थिक सहायता सम्बन्धमा ।

हिलिहाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पञ्चमी, पाँचथर कोशी प्रदेश, नेपाल

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०८२/०९/२२ ने.सं. ११४६ पोहेलागा ३ मंगलबार बैठक संख्या - ७

फाल्गुनन्द गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पञ्चमी, पाँचथर कोशी प्रदेश, नेपाल

**निर्णय नं. - १**

संघ, प्रदेश तथा जिल्लाका विभिन्न मन्त्रालय, विभाग तथा अन्य कार्यालयहरुबाट यस कार्यालयलाई हाल सम्म प्राप्त भएका निर्देशन, परिपत्र तथा माग पत्रहरु यस कार्यपालिका बैठकमा प्रमुख प्रशासकीय अधिकृतद्धारा वाचन गरी अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्ष तथा कार्यपालिका सदस्यहरुलाई जानकारी गराईयो । उक्त विविध जानकारी, परिपत्र तथा निर्देशनहरु यसै कार्यपालिका बैठकको माध्यमबाट सम्बन्धित सरोकारवालाहरु सम्म पुर्याईने तथा आवश्यक कार्यान्वयन गर्ने/गराउने निर्णय समेत गरियो ।

**तपसिलः**

| क्र.सं. | च.नं. | मिति | पत्राचार गर्ने निकाय/निर्णय गर्ने निकाय | विषय | निर्णयको व्यहोरा |
|---|---|---|---|---|---|
| १. | २०० | २०८२-०९-०४ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तह समन्वय शाखा) | करदाता सेवा कार्यालयहरुबाट प्रवाह हुँदै गरेका सेवाहरु स्थानीय तहहरुबाट प्रवाह गर्ने सम्बन्धी कार्य सञ्चालन कार्यविधि, २०८२ । | आवश्यकता अनुसार कार्यान्वयन गर्ने । |
| २. | ६४ | २०८२-०९-०७ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (संघीय मामिला शाखा) | बैठकको निर्णय पठाइएको सम्बन्धमा । | संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध तथा समन्वय) विषयगत समिति (संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय) को चौथो बैठक मिति २०८२।०९।०२ गतेका निर्णयहरु कार्यान्वय गर्ने । |
| ३. | २११ | २०८२-०९-१७ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तह समन्वय शाखा) | निर्णय कार्यान्वियन सम्बन्धमा । | निर्णय कार्यान्वियन गर्ने । |
| ४. | २१३ | २०८२-०९-१७ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तह समन्वय शाखा) | प्राथमिक उपचारको स्वास्थ्य प्रवन्ध सम्बन्धमा । | प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ मा मतदान केन्द्रमा मतदानका लागि खटिने कर्मचारी तथा मतदाताको आपतकालिन स्वास्थ्यलाई मध्यनजर गरि |

टोपेन्द्र कुमार लिम्बू

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | मतदानको दिनलाई लक्षित गरी प्राथमिक स्वास्थ्य उपचारको प्रवन्ध मिलाउने। |
| ५. | ६७ | २०८२-०९-०७ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (संघीय मामिला शाखा) | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व कानून कार्यान्वयन सम्बन्धमा। | नमुना कानून बमोजिम स्थानीय तह आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व कानून बनाइ कार्यान्वयन गर्ने। |
| ६. | ७४ | २०८२-०९-२० | प्रदेश राजस्व कार्यालय, इटहरी, सुनसरी। | मेला, महोत्सव लगायतको मनोरञ्जन कर सम्बन्धमा। | मेला, महोत्सव लगायतको मनोरञ्जन कर उठाउने। |
| ७. | ७६ | २०८२-०९-२० | प्रदेश राजस्व कार्यालय, इटहरी, सुनसरी। | वन क्षेत्रको पर्यटन शुल्क संकलन सम्बन्धमा। | वन क्षेत्रको पर्यटन शुल्क संकलन गर्ने। |

**निर्णय नं. - २**

हिलिहाङ गाउँपालिका गाउँ कार्यपालिका बैठकमा भएका निर्णयहरुको हिलिहाङ गाउँपालिका गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ बमोजिम प्रभावकारी कार्यान्वयन लागि छैटौं बैठकको निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा प्रमुख प्रशासकीय अधिकृतबाट जानकारी लिई थप प्रभावकारी कार्यान्वयनको लागि प्रमुख प्रशासकीय अधिकृत मार्फत विषयगत शाखाहरुलाई निर्देशन दिने।

**निर्णय नं. - ३**

नेपाल सरकारको विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ बमोजिम हिलिहाङ गाउँपालिकालाई दलित समुदायको परम्परागत पेशालाई आधुनिकिरण गर्ने कार्यक्रम अन्तरगत रु.५०,००,०००।- (पचास लाख) प्राप्त भएकोमा हिलिहाङ गाउँपालिकाबाट राष्ट्रिय योजना आयोगमा कार्यविधिको अनुसुची २ को ढाँचामा पेश गरिएको प्रस्तावना समेतका आधारमा तालिम कार्यक्रम तर्फ रु.५,००,०००।-(पाँच लाख) तथा प्रविधि हस्तान्तरण(सामाग्री) तर्फ रु. ४५,००,०००।- (पैंतालिस लाख) विनियोजन गरि कार्यक्रम सञ्चालन गर्ने।

**निर्णय नं. - ४**

एकै स्थानमा आधारभुत सेवा सुविधा एकै ठाउँबाट प्रदान गर्न, लागत बचत गर्न, छरेर गर्नु पर्ने योजनाको न्युनिकरण गर्न, पर्यावरणको संरक्षण गर्न, बजार, उद्योग र रोजगारी अवसर मार्फत आर्थिक अवसर वृद्धि गर्न, समुदायबीच सहकार्य, सुरक्षा र सामाजिक सम्बन्ध मार्फत सामाजिक एकता हासिल गर्न, जोखिम न्युनिकरण गर्न तथा प्रभावकारी सार्वजनिक सेवा प्रवाह गर्ने ध्येयका साथ हिलिहाङ गाउँपालिकाले एकिकृत वस्ति विकासको लागि संभाव्यता अध्ययन गर्न

टंकेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

लागेकोले देहायको स्थान छनौट गरि आवश्यक सम्पुर्ण प्रक्रिया अगाढी बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

देहायः

१. हिलिहाङ -७ आम्बेजानी ।
२. हिलिहाङ - २ पिनासी ।

हिलिहाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पञ्चमी, पाँचथर कोशी प्रदेश, नेपाल

**निर्णय नं. - ५**

भुउपयोग नियमावली, २०७९ नियम १२ बमोजिम हिलिहाङ गाउँपालिका भित्रको जग्गाको कित्तावाईज कित्ताकाटको लागि भूउपयोग वर्गीकरण सम्बन्धी आवश्यक कार्य/प्रक्रिया अगाढी बढाउने मिति २०८२।०५।२२ गतेको कार्यपालिका बैठकको निर्णय गरेकोमा उक्त निर्णय बमोजिम परामर्शदाताबाट जग्गा कित्ताकाट सम्बन्धी प्रारम्भिक प्रतिवेदन प्राप्त भएकोले प्रारम्भिक प्रतिवेदन उपर बृहत छलफल पश्चात कार्यपालिकाबाट परिमार्जनको लागि दिइएको सुझाब समावेश गर्दै जग्गा कित्ताकाटको अन्तिम प्रतिवेदन पेश पश्चात भुक्तानीको आवश्यक प्रक्रिया अगाढी बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

**निर्णय नं. - ६**

कृषि शाखाको विभिन्न कार्यक्रम सञ्चालनको लागि विभिन्न मितिमा प्रस्ताव आवहान भएकोमा देहायको कार्यक्रम सञ्चालनको लागि देहायको लाभग्राही छनौट गर्ने ।

क. ५० प्रतिशतमा लागत साझेदारीमा व्यवसायीक फलफूल बगैंचा स्थापना सहयोग तथा सुदृढिकरण कार्यक्रमः
हिलिहाङ गाउँपालिका कृषि विकास शाखाको आ.व.२०८२/०८३ को सुचना नं. ०३, मितिः२०८२/०८/२३ गते कार्यक्रम संचालनका लागि प्रथम पटक प्रकाशित प्रस्ताव आव्हान सम्बन्धी सूचना जसको प्रस्ताव पेश गर्ने अन्तिम मितिः २०८२/०९/०८ गतेको निर्धारित १५ दिने सूचना बमोजिम तोकिएको समय सिमा भित्र रितपूर्वक प्रस्ताव पेश गर्ने सम्बन्धमा उक्त कार्यक्रम संचालनका लागि निर्धारित समय भित्र एक जना व्यक्ति/फर्मको मात्र आवदेन पेश भएको हुँदा तपशिलको व्यक्तिलाई यस कार्यक्रममा छनौटका लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

तपशिलः

१. ताम्भुङवारी चिया कफी नर्सरी तथा कृषि फर्म (हिलिहाङ गा.पा .वडा नं.६)
प्रोपराईटरः कर्णस्याम लावती

ख. फलफूल व्यवसाय तथा तरकारी खेती, वड ा नं ५ बोझेनी ।
हिलिहाङ गाउँपालिका कृषि विकास शाखाको आ.व.२०८२/०८३ को सुचना नं. ०५, मितिः२०८२/०८/२४ गते कार्यक्रम संचालनका लागि प्रथम पटक प्रकाशित प्रस्ताव आव्हान सम्बन्धी सूचना जसको प्रस्ताव पेश गर्ने अन्तिम मितिः २०८२/०९/०९ गतेको निर्धारित १५ दिने सूचना बमोजिम तोकिएको समय सिमा भित्र रितपूर्वक प्रस्ताव पेश गर्ने सम्बन्धमा उक्त कार्यक्रम संचालनका लागि निर्धारित समय भित्र एक जना व्यक्तिको मात्र आवदेन पेश भएको हुँदा तपशिलको व्यक्तिलाई यस कार्यक्रममा छनौटका लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

तपशिलः

१. महेन्द्र सुहाङ (हिलिहाङ गा.पा .वडा नं.५)

टेकेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृ

मिति: २०८२/०९/२२ ने.सं. ११४६ पोहेलागा ३ मंगलबार बैठक संख्या - ७

हिलिहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पञ्चमी, पाँचथर
कोशी प्रदेश, नेपाल

**निर्णय नं. - ७**

हिलिहाङ गाउँपालिकामा अवस्थित विरदल गण जोरपोखरीले जग्मा प्राप्त गरि नसकेकोले गर्दा हिलिहाङ गाउँपालिका वडा नं ६ मा तैनाथ रहेको विरदल गणको सुरक्षा पोष्टमा बस्ने सकलदर्जाहरुको वासस्थानमा फल्स सिलिङ्ग नभएको हुदाँ जाडो महिनामा सकलदर्जाहरुलाई बासस्थानमा बस्न असहज भईरहेको हुदाँ जिर्ण अवस्थामा रहेको व्यहोरा सहित गाउँपालिकालाई अनुरोध गरेकोले प्राविधिक प्रतिवेदन समेतका आधारमा फल्स सिलिङ्ग तथा रङ्गरोगन गर्नका लागि कन्टिन्जेन्सी खर्चबाट भुक्तानि दिने गरि अमानत प्रक्रियाबाट भवन मर्मत गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

**निर्णय नं. - ८**

हिलिहाङ-६ मा अवस्थित प्रहरी चौकीको भान्सा कोठा र सौचालय विगत बर्षा याममा आएको बर्षा तथा हावा हुन्डरीको कारण अति जिर्ण अबस्थामा पुगेको साथै जोरपोखरी प्रहरी चौकीमा निर्वाचन प्रहरी समेत आएर ट्रेनिङ गर्ने स्थल भएकोले उक्त प्रहरी चौकीको तत्काल मर्मत संभार गर्नु भएकोले प्राविधिक प्रतिवेदन समेतका आधारमा प्रकोप ब्यवस्थापन कोषबाट भुक्तानी दिने गरि अमानत प्रकिया बाट मर्मत संभार गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

**निर्णय नं. - ९**

हिलिहाङ गाउँपालिका वडा नं. ६ जोरपोखरी स्थीत महागुरु फाल्गुनन्द माङहिममा पाकशाला नभएकोले भक्तजनले बाहिर नै खाना पकाएर खानु पर्ने अवस्था भएकोले गर्दा तत्काल पाकशाला निर्माण गर्नु पर्ने अवस्थाको सृजना भएकोले गर्दा प्राविधिकहरुबाट निर्मित लागत अनुमान तथा कार्य सम्पन्न प्रतिवेदन समेतका आधारमा पाकशाला गर्नका लागि कन्टिन्जेन्सी खर्च जम्मा भएपछि कन्टिन्जेन्सी खर्चबाट भुक्तानि दिने गरि अमानत प्रक्रियाबाट भवन मर्मत गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

**निर्णय नं. - ८**

हिलिहाङ गाउँपालिका वडा नं ४ द्धारा श्री पञ्चमीको अवसरमा आयोजना गरिने विभिन्न खेलकुद कार्यक्रममा वडाबाट विनियोजित रकमबाट प्रस्तावित प्रस्तावना र कार्यक्रमको खाका तथा खेल विधा अनुरुप रकम अपुग हुने भएकोले गाउँपालिका गाउँ कार्यपालिकामा बजेट माग गरेकोले वजेटको आवश्यकता तथा पालिकाको खेलकुद शिर्षकमा विनियोजित बजेटलाई समेत मध्यनजर गरि विविध कोष शिर्षकबाट रु.५०,०००।- (पचास हजार) थप गरि भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

**निर्णय नं. - ९**

चालु आ.व.२०८२।०८३ को विद्यालय शिक्षा क्षेत्र विकास कार्यक्रम अन्तर्गतको स्वीकृत कार्यक्रम अनुसार यस स्थानीय तहलाई संघीय सरकारबाट निर्मित गुरुयोजनका आधारमा भौतिक निर्माण अनुदान शीर्षकमा २ वटा ४ कोठे भवनको

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

लागि गरी रु.१,२९,००,०००।०० ससर्त अनुदान वित्तीय हस्तान्तरण भएकोमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र (योजना तथा अनुगमन शाखा) सानोठिमी,भक्तपुरको च.न.१८४ मिति २०८२।०८।२२ को परिपत्र अनुसार स्थानीय तहले विद्यालय छनौट गर्दा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०८२।०८।१५ को (माननीय मन्त्रिस्तरीय निर्णयद्वारा) स्वीकृत विद्यालयको भौतिक पूर्वाधार निर्माण सम्बन्धी गुरूयोजना २०८२ को अनुसूचि-१ बमोजिमका विद्यालयहरू मध्येबाट आवश्यकता र औचित्यका आधारमा विद्यालय छनौट गरी ४(चार) कोठे भवन निर्माणको कार्यान्वयन गर्नु गराउनु परिपत्र भएको हुँदा सोही आधारमा कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२।०८३ बमोजिम स्थानीय तहको साझेदारीमा कार्यन्वयन गर्ने गरी तपसिलका विद्यालयलाई अनुदान प्रदान गर्ने।

तपसिल :

| सि नं | विद्यालयको नाम | ठेगाना | कार्यक्रमको नाम |
|---|---|---|---|
| १ | श्री सरस्वती माध्यमिक विद्यालय | हिलिहाङ-५, ओराङफुङ | ४ कोठे भवन |
| २ | श्री अमरपुर माध्यमिक विद्यालय | हिलिहाङ-१, अमरपुर | ४ कोठे भवन |

हिलिहाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पञ्चमी, पाँचथर कोशी प्रदेश, नेपाल

**निर्णय नं. - १०**

"हिलिहाङ गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९" को दफा (८) बमोजिम विभिन्न मितिमा प्राप्त भएको निवेदन तथा वडाको सिफारिस उपर छलफल गरी विपन्न परिवारलाई तपसिलको व्यक्तिहरूलाई अन्य आर्थिक सहायता शिर्षकबाट भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

| क्र.सं. | नामथर | ठेगाना | प्रकृति | सहायता रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | जमुना थिङ | हिलिहाङ ७, तम्फुवा | अल्सर भई उपचाररत रहेको | २५,०००।- | |
| २. | खड्क प्रसाद तामाङ गोले | हिलिहाङ २ | दुर्घटनामा परि उपचाररत रहेको | २०,०००।- | |
| ३. | किरण तामाङ | हिलिहाङ २ | घाँस काट्दा लडेर देब्रे खुट्टा भाँचिएको | २०,०००।- | |
| ४. | धनकुमारी पुरी | हिलिहाङ ४ | टनसिलको अप्रेशन गरि उपचारत | २०,०००।- | |

दीपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत